# ADCCN ई-बुलेटिन

**e - Bulletin**

Association of District Coordination Committees of Nepal

## जिल्ला समन्वय समिति महासंघ नेपाल

Vol. 1 [Issue – IV] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-bulletin, 2018 Aug.-Sept.-Oct. (२०७५ भदौ-असोज)






# जिल्ला समन्वय समिति महासंघ नेपालको

# “प्रथम राष्ट्रिय भेला”




२०७५ भदौ २३ गते, जिल्ला समन्वय समिति महासंघ नेपालले महासंघका अध्यक्ष श्री सीता कुमारी सुन्दासको अध्यक्षतामा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको प्रमुख आथित्यतामा ७७ वटै जिल्ला समन्वय समितिहरुका प्रमुख, उप-प्रमुख र सबै सदस्यहरुलाई एकै ठाउँमा भेला गराई नेपालको संविधान कार्यान्वयनमा जि.स.स.को भूमिका **“प्रथम राष्ट्रिय भेला”** भव्यताका साथ सम्पन्न भयो । भेलाको उद्घाटन सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले गर्नुभएको थियो । भेलालाई संबोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले स्थानीय सरकारलाई बलियो र अधिकार सम्पन्न बनाउन सरकार लागिरहेको उल्लेख गर्दै जनतालाई सहज र सरल रुपले सेवा सुविधा दिनका लागि समन्वयको कामलाई प्रभावकारी बनाउन जि.स.स.का पदाधिकारीहरुलाई आग्रह गर्नुभयो । जिल्ला समन्वय समिति भूमिकाविहीन नभएको र जि.स.स.को भूमिकालाई प्रभावकारी बनाउन सरकार प्रतिवद्ध रहेको पनि भेलामा प्रधानमन्त्रीले बताउनुभएको थियो ।

जि.स.स. “शोभाका लागि बनाइएको कण्ठ तिलहरी होइन । जसलाई हेर्न मात्रै सकिन्छ खान मिल्दैन, यसको संवैधानिक हैसियत छ, कामगर्न, भूमिका दिनका लागि बनाइएको हो, यो टपरीमा राखेको कुशको बाहुनजस्तो होइन, यसलाई प्रभावविहीन होइन प्रभावकारी बनाउनुपर्छ” । संविधान निर्माण गर्दा जिल्ला समन्वय समिति राख्नुपर्छ भन्ने सन्दर्भमा छलफल चलाउँदा केही व्यक्तिहरू त्यसको चर्को विरोधमा उत्रिएको स्मरण गर्दै “निकै मिहिनेतका साथ यसको इतिहास छ भनेर जिल्ला राखिएको भन्दै यसलाई अन्याय हुन नदिने, जिल्ला सुन्नेबित्तिकै केहीलाई बारुलाले चिलेजस्तो बुरुक्क उफ्रन्थे, हामीले निकै संघर्ष गरेर जिल्ला ल्याएका हौं । तपाईंहरूप्रति गम्भीर नहुने कुरै आउँदैन । तर, आफ्नो सक्रियता र क्षमताले भूमिका स्थापित गर्नतिर लाग्नु होस्” उहांले आग्रह गर्नुभएको थियो । जि स स का तोकिएका संवैधानिक हैसियत र जिम्मेवारी भएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका वरिष्ठ नेता श्री रामचन्द्र पौडेलले जिल्लास्तरमा हुने कामहरुलाई व्यवस्थित र मर्यादित बनाउन जिल्लाको भूमिका महत्वपूर्ण हुने भएकोले जिल्लालाई अधिकार सम्पन्न बनाउनुपर्ने बताउनुभएको थियो ।

यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउन सरकारले आवश्यक कार्य गरिरहेको बताउनुभएको थियो । कार्यक्रममा मन्त्री पण्डितले सरकार स्थानीय तहका संघ/महासंघसंग सहकार्य गरेर स्थानीय तहको सुदृढिकरण, व्यवस्थापन, समृद्धि र विकासका लागि तयार रहेको बताउनुभएको थियो ।

कार्यक्रममा कानून मन्त्री भानुभक्त ढकाल र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री थममाया थापाले मुलुकको विकासमा स्थानीय तहहरुको भूमिका महत्वपूर्ण भएकोले स्थानीय तहलाई सक्षम र बलियो बनाउन आफूहरुले सक्दो पहल गर्ने बताउदै स्थानीय तहका पदाधिकारीहरुको मर्यादाक्रम चाँडै संशोधन गर्न लागिएको बताउनुभएको थियो ।



उक्त राष्ट्रिय भेलामा विशिष्ठ अतिथिका रुपमा नेपाली काँग्रेसका वरिष्ठ नेता माननीय रामचन्द्र पौडेल, नेपाल सरकारका अर्थ मन्त्री माननीय युवराज खतिवडा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय लालबाबु पण्डित, कानून, न्याय तथा संसदिय मामिला मन्त्री माननीय भानुभक्त ढकाल, नेपाल सरकारका महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री मा. थममाया थापा, नेपाल सरकारका पूर्व कानून, न्याय तथा संसदीय मामिला मन्त्री एवं संघीय सरकारका मा. शेरबहादुर तामाङ, पूर्व पर्यटन तथा नागरिक उद्यन मन्त्री तथा तत्कालिन जिविस महासंघ नेपालका सदस्य माननीय जीवन बहादुर शाही, जिल्ला विकास समिति महासंघ नेपालका संस्थापक तथा पूर्व अध्यक्ष श्री कृष्णलाल सापकोटा तथा अतिथिमा प्रदेश नं. ३ सदस्य माननीय माधव पौडेल, तत्कालिन जिविस महासंघ नेपालका सदस्य लाल कुमार के.सी., नेपाल नगरपालिका संघका अध्यक्ष अशोक ब्याञ्जु, गाउँपालिका राष्ट्रिय महासंघका महासचिव बंशलाल तामाङ, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. रविन्द्र शाक्य, र महासंघका केन्द्रीय कार्यसम्पादन समितिका सदस्य सरोज कुमार यादव लगायतको उपस्थित रहेको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष सीता कुमारी सुन्दास र उपाध्यक्ष सन्तमान तामाङले जिल्ला समन्वय समितिलाई अधिकार सम्पन्न बनाएर जिससको भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा पूर्व मन्त्रीहरु जीवन बहादुर शाही र शेर बहादुर तामाङ, नेपाल नगरपालिका संघका अध्यक्ष अशोक ब्याञ्जु, गाउँपालिका राष्ट्रिय महासंघका महासचिव बंशलाल तामाङ लगायतले स्थानीय तहलाई बलियो र अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति महासंघ नेपालका प्रवक्ता नवराज गेलालले महासंघको तर्फबाट नेपाल सरकारलाई बुझाइएको सुझाव पत्र वाचन गर्नुभएको थियो । सो सुझाव पत्रमा जि.स.स.बाट हुने कामहरुलाई प्रभावकारी बनाउन जि.स.स.लाई स्रोत, साधन र बजेट उपलब्ध गराउनुपर्ने, स्थानीय तह लगायत सरकारी र गैरसरकारी संघ संस्थाबाट सञ्चालित योजना र कार्यक्रमहरुको अनुगमन र समन्वयको कामलाई प्रभावकारी बनाउनुपर्ने, साविक जिविसको कोषलाई जिससको कोषमा रुपान्तरण गर्नुपर्ने, जिससमा जनशक्ति थप गरी व्यवस्थापन गर्नुपर्ने लगायतका कुराहरु रहेको जि.स.स. महासंघ नेपालका प्रवक्ता एवं जि.स.स. भक्तपुरका प्रमुख नवराज गेलालले जानकारी दिनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति महासंघ नेपालका पूर्व महासचिवहरु डा. प्रेम शर्मा, हेमराज लामिछाने, र डा. शेषरमण न्यौपाने, स्थानीय शासन विज्ञ परशुराम उपाध्याय लगायत ७७ वटै जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यहरुको सक्रिय सहभागिता रहेको थियो ।









जिल्ला समन्वय समिति महासंघ नेपाल
Association of District Coordination Committees of Nepal
(ADCCN)

Ref. No.:- Date :- ………………

# जिल्ला समन्वय समिति महासंघ नेपाल
# प्रथम राष्ट्रिय भेला २०७५ को
# घोषणा-पत्र

नेपालको संघीय शासन प्रणाली सहितको संविधान लागु पश्चात सम्पन्न स्थानीय तहको निर्वाचनबाट जिल्ला सम्मन्वय समितिको गठन भए पश्चात र जिल्ला समन्वय समिति महासंघ नेपालले नयाँ नेतृत्व पाएको हो । तत्कालिन जिल्ला विकास समिति महासंघलाई वर्तमान संविधानले तोकेका कार्य सम्पादन गर्ने भूमिकामा रुपान्तरित गर्ने प्रयोजनका लागि नयाँ विधान, नयाँ कार्यसमिति तथा कार्यदिशा निर्धारण गर्न समेत गत २०७४ माघ १० र ११ गते राष्ट्रिय परिषदको बैठक आयोजना गरि समसामयिक प्रस्ताव सहितको घोषणा-पत्र २०७४ जारी भएको यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ । जसमा जिल्ला विकास समिति महासंघ नेपालले विगत २२ वर्ष देखि गर्दै आएको स्थानीय स्वायत्तता, विकेन्द्रीकरण र समावेशीताका लागि गरिएका प्रयत्न र पहलको सहाना गर्दै आगामी दिनका लागि उक्त कार्यहरुको सम्पूर्ण स्वामित्व ग्रहण गरेको छ ।

जारी जिल्ला समन्वय समितिलाई स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएपछि अस्प्रष्टता बढेको तथा स्थानीय तह सरकार तर छुट्टै भूमिकामा हुनका लागि उक्त ऐनले प्रष्ट व्याख्या र प्रावधान समावेश गर्न नसक्दा अन्योल बढेको छ । प्रदेश सभा गठन पश्चात प्रदेश कानूनले यस्ता विषयमा व्यवस्था र व्याख्या गरि जिल्ला समन्वय समितिलाई जिल्लास्तरका निकाय र कार्यक्रमहरुको अनुगमन, मूल्यांकन गरि तालुक निकायमा प्रतिवेदन गर्ने स्थानीय कार्यपालिकाहरुका स्थानीय सेवा प्रवाह र विकास निर्माणमा साझा सरोकारका विषयलाई आपसी सहयोग र समझदारीमा सम्पन्न गर्ने समन्वयात्मक भूमिकामा जिल्ला समन्वय समितिले नेतृत्व लिने कुरा तथा जिल्लाको सन्तुलित विकासका लागि स्थानीय पालिकाहरुको आवश्यकता अनुसार क्षमता विकास गरी प्रदेश तथा संघ संगको सहकार्यलाई कार्यमुलक बनाउन पनि जिल्ला समन्वय समितिको क्रियाशिलता बारे आवश्यक कानून तथा नीति बन्ने क्रममा रहेकोले पनि महासंघले आफ्ना सदस्यहरुको संविधान कार्यान्वयनमा प्रभावकारी संलग्नताको सम्बन्धमा आवश्यक क्षमता विकास कार्यक्रमलाई मूर्तरुप दिन नसकिरहेको अवस्था र जिल्लामा पनि स्थानीय पालिकाहरुले जनचाहनाका कार्यहरु सम्पादन गर्न नसकिरहेका तथा जिल्ला स्तरका संरचनामा रहेका निकायहरु, कार्यमूलक समितिहरु समेतलाई समन्वयात्मक नेतृत्वको अभाव देखिएको तर केन्द्र सरकारले जिल्ला समन्वय समितिका राजनैतिक तथा प्रशासनिक अधिकारको परिचालनमा प्रष्ट व्याख्या सहितको कानून निर्माण तथा मार्गदर्शन गर्न धेरै विलम्व गरेकोमा जिल्ला स्तरका निर्वाचित जनप्रतिनिधिहरुको आक्रोस तथा असन्तुष्टी बढेको विषयलाई समेत मननगरी राष्ट्रिय विकासको मूलधार सम्बृद्ध नेपाल र सुखी नेपालकी हुनका लागि महासंघको पहलमा यहि २०७५ भाद्र २३ गते प्रथम राष्ट्रिय भेलाको आयोजना गरि त्यसमा सबै सदस्य जि.स.स. प्रतिनिधिहरुको साझा धारणा र भावी कार्यदिशाका खाकाहरु नेपाल सरकार समक्ष प्रस्ताव गरियो । नेपाल सरकारका प्रधानमन्त्री लगायत विभिन्न प्रमुख मन्त्रालयका पाँच मन्त्रीहरुको उपस्थिति र सारगर्भित मन्तव्य, मार्गदर्शन तथा प्रतिवद्धताले ऐतिहासिक बनेको उक्त भेलाको सार सहितको

पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, पो.व.नं. : १२०२२, फोनः ५५५४०८१, ५५२९२०२, फ्याक्सः ००९७७-१-५५४८४६९
Mailing Address:– Sanepa Mode, Lalitpur, Nepal, P.O. Box # 12022, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np

घोषणा-पत्र जारी गर्न पाउँदा महासंघ कृतकृत्य छ । घोषणा-पत्रका विषयहरुको कार्यान्वयनमा सबै जिम्मेवार निकाय, सरोकारवालहरु चुक्नुहुने छैन र नेपालले हासिल गर्न खोजेको आर्थिक सम्बृद्धिमा शसक्त अभिभारामा रहेर हामीलाई समाहित गराउनु हुनेछ भन्नेमा महासंघ र सम्पूर्ण जिल्ला समन्वय समितिहरु विश्वासका साथ आफू पनि क्रियाशिल रहने प्रतिवद्धता साथ यो घोषणा-पत्र जारी गर्दछ ।

अतः संविधानको मर्म र भावना अनुकूल जिल्ला समन्वय समिति सम्बन्धी नीतिगत, कानूनी, संस्थागत तथा कार्यमूलक वातावरण सिर्जना गर्न गराउनकालागि जिल्ला समन्वय समिति महासंघ नेपाल सरकार संग हार्दिक अनुरोध गर्दछ । यसका लागि ः

१. जिल्ला समन्वय समितिलाई संविधानले प्रदान गरेका अधिकार क्षेत्रहरु स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारका जिल्ला स्थित कार्यालयहरुको समन्वय र सन्तुलित विकासका लागि अनुगमन कार्यलाई प्रभावकारी बनाउन यथाशिघ्र जिल्ला सभा तथा जिल्ला समन्वय समिति संचालन ऐन निर्माण गर्न अनुरोध गर्दछौं ।

२. जिल्ला समन्वय समिति महासंघ नेपालको राष्ट्रिय परिषदबाट पारित जिल्ला समन्वय समिति महासंघ नेपालको विधान २०७४ स्वीकृत भएको परिप्रेक्षमा महासंघको कार्यक्रम संचालन गर्न स्रोतको व्यवस्था गरिदिन र संविधान र कानूनले दिएको जिम्मेवारी प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला समन्वय समितिलाई हाल विनियोजित बजेट अतिनै न्यून भएकोले थप व्यवस्थाको लागि समेत माननीय अर्थ मन्त्रीज्यू तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू समक्ष अनुरोध गर्दछौं ।

३. नेपाल सरकारबाट निर्धारित जिल्ला समन्वय समितिहरुको कर्मचारीहरु र संगठन संरचनाले जिल्लाको भौगोलिक कार्यबोझ, जिल्ला भित्र रहेका निर्वाचन क्षेत्र र गाउँपालिका तथा नगरपालिका संख्याको विविधतालाई मध्ये नजर गर्न नसकेको हुँदा जिल्ला समन्वय समिति महासंघ नेपालले प्रस्ताव गरेको कर्मचारी दरवन्दी सिर्जना गरी सवलिकरणका लागि अनुरोध गर्दछौं ।

४. साविक जिल्ला विकास समितिको कोष स्वतः जिल्ला समन्वय समिति कोषमा रुपान्तरण भइसकेकोले जिल्ला सभाबाट निर्णय गरी खर्च गर्ने व्यवस्थाकोलागि आवश्यक निर्देशन गरिदिनु हुन अनुरोध गर्दछौं

५. प्राकृतिक स्रोत तथा वित्तिय आयोगले स्थानीय तहलाई रकम बाँडफाँड गर्दा जिल्ला समन्वय समिति लाई न्यायोचित रुपमा निश्चित प्रतिशत रकम उपलब्ध हुने प्रवन्धका लागि अनुरोध गर्दछौं । यस कोषको निरन्तरताका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले रकम बाँडफाँड गर्दा, जिल्ला समन्वय समितिहरुलाई न्यायोचित रुपमा निश्चित प्रतिशत रकम उपलब्ध हुने प्रवन्धका लागि अनुरोध गर्दछौं ।

६. जि.स.स.को संबैधानिक अधिकार बमोजिम प्रभावकारी भूमिकामा संघ तथा प्रदेश सरकारहरुबाट सञ्चालन हुने विकास निर्माणका आयोजना तथा परियोजनाहरु जिल्ला समन्वय समिति मार्फत समन्वय र अनुगमन गर्ने जिममेवारीका साथै जिल्ला समन्वय समितिले स्थानीय तह, सरकारी तथा गैरसरकारी संघसंस्थाबाट संचालित योजना र कार्यक्रमको अनुगमन, समन्वय र क्षमता विकास गर्ने तथा सन्तुलित विकास कायम गर्न आवश्यक सुझाव दिने व्यवस्था भए बमोजिम दिइएका सुझावको कार्यान्वयन तथा पालना गर्नुपर्ने कानूनी व्यवस्थाका लागि जवाफदेही गराउन संघ तथा प्रदेशमा नितीगत व्यवस्था हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संग अनुरोध गर्दछौं ।

७. जिल्लामा रहेका जिल्ला विपद् व्यवस्थापन समिति, खानी अनुगमन समिति, जिल्ला जलस्रोत समिति, भूकम्प पुनर्निमाण समिति लगायत समितिहरु जिल्ला समन्वय समितिको अध्यक्षतामा रहने गरी नीतिगत तथा कानूनी प्रवन्धको लागि अनुरोध छ ।

८. संविधानको धारा २२० को (घ) अनुसार प्रदेश सरकारले तोकेको अन्यकाम गर्ने भनी उल्लेख भएको हुँदा जिल्ला समन्वय समितिलाई तहाँ प्रदेश सरकारहरुले आवश्यक काम तोकी स्रोतको समेत व्यवस्था गर्न प्रदेश सरकारलाई यसै भेलामार्फत हार्दिक अनुरोध गर्दछौं ।

९. नेपालको संविधानमा जिल्ला सभा समेतलाई स्थानीय तह भनी स्पष्ट उल्लेख भएकोमा सोही अनुसार परिभाषित नगरी गाउँ तथा नगरपालिकालाई मात्र स्थानीय तह भन्ने गरिएकोमा अव उप्रान्त स्थानीय तह अन्तरगत गाउँपालिका, नगरपालिका र जिल्ला सभा गरी ७५३ जोड ७७ गरी ८३० उल्लेख गर्न नेपाल सरकारलाई हार्दिक अनुरोध गर्दछौं ।

१०. स्थानीय तह र जिल्ला सभाको निर्वाचन भएको १ वर्ष पश्चात पनि जि.स.स. का उप-प्रमुख, सदस्यहरु, तथा स्थानीय तहका सबै निर्वाचित पदाधिकारीहरुको समेत मर्यादाक्रम नतोकिएको हुँदा आवश्यक व्यवस्था मिलाउन हार्दिक अनुरोध गर्दछौं ।

११. जि.स.स. महासंघ नेपालको लागि कार्यक्रम तथा सचिवालय संचालन गर्नको लागि वार्षिक अनुदान गत वर्ष समेत निकासा नभएकोले गत र यस वर्ष निकासाको व्यवस्थाको लागि अर्थ मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्दछौं ।

१२. नेपालको संविधानको धारा ८६(२क) राष्ट्रिय सभाको गठन गर्न निर्वाचन मण्डलमा जि.स.स.का प्रमुख उपप्रमुख र सदस्यलाई समेत समावेश गर्ने गरी संविधानको प्रकृया अगाडि बढाउन राजनैतिक दल र विधायिका संसदलाई विशेष आग्रह गर्दछौं ।

.........................................

सीता कुमारी सुन्दास
अध्यक्ष

# ज्ञापन-पत्र

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको परिपत्रको सन्दर्भमा सबै जिल्ला समन्वय समितिहरुले कडा आपत्तिका साथ विरोधमा उत्रीन महासंघले अगुवाई गर्नुपर्ने माग भई आएको सन्दर्भमा महासंघको केन्द्रिय कार्यसम्पादन समिति तथा काठमाडौंमा उपस्थित हुने अन्य जि.स.स. प्रमुखहरुको टोलिले लिखित ज्ञापन-पत्र सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितलाई ज्ञापन-पत्र बुझाईयो । उक्त सन्दर्भमा जिल्ला समन्वय समितिको संविधान निसिद्ध अधिकारहरुका लागि छुट्टै ऐन बनाएर जारी गर्न समेत आग्रह गरियो ।

## जिल्ला समन्वय समिति महासंघ नेपाल

Association of District Coordination Committees of Nepal
(ADCCN)

Ref. No. १८/०७५/७६

Date :- ..................
२०७५।०६।१८

### ज्ञापन पत्र

माननीय श्री लालवावु पण्डितज्यू, मन्त्री
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिहदरवार, काठमाण्डौ ।

मन्त्रीज्यू,

यहाँले नेतृत्व गर्नु भएको मन्त्रालयले मिति २०७५।०६।०८ मा तपाँईको तहवाट निर्णय भएको भनि ७७ बटै जिल्ला समन्वय समितिको कार्यालयका नाममा मिती २०७५।०६।१० मा **"जि.स.स. कोषलाई रोक्का राखि मन्त्रालयको खर्चगर्ने स्वीकृती गरेका क्षेत्रवाहेक अन्य खर्च नगर्न/नगराउन अनुरोध छ । कोषको रकम कानून विपरित बाँडफाँड र खर्च गरेमा त्यस्तो खर्चगर्ने कर्मचारीलाई कानून बमोजिम कार्वाहीगर्ने व्यवस्था रहेको"** व्यहोराको पत्रका सम्बन्धमा जि.स.स. महासंघ नेपालको ध्यानार्कषण भएको छ ।

त्यस व्यहोराको परिपत्रले नेपालको संविधानको भावना, स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था र संघियतामा स्थानीय सरकार सम्बन्धि मान्य सिद्धान्त विपरित भएको महासंघको ठहर छ । त्यसैले उक्त निर्णय बदरगर्दै अविलम्ब परिपत्र फिर्ता लिईयोस र महासंघलाई अन्य थप आन्दोलनका कार्यत्रम गर्न वाध्य नपारियोस् भनी आग्रह गर्दछौ ।

..............................
सीता कुमारी सुन्दास
अध्यक्ष

**बोधार्थ तथा कार्यार्थः**

श्री प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय ।

श्री सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

श्री अर्थ मन्त्रालय : महासंघ राष्ट्रिय सम्पति बचाउन र बढाउन चाहन्छ मास्न होईन ।

श्री कानून तथा संसदिय व्यवस्था मन्त्रालय : प्रदेश कानूनले निर्देश गरेअनुसार जिल्ला सभाले निर्णयगर्ने विषयमा संघीय मन्त्रालयको हस्तक्षेप भएको छ ।

श्री महान्यायाधिबक्ताको कार्यालय : प्रदेश कानूनले निर्देश गरेअनुसार जिल्ला सभाले निर्णयगर्ने विषयमा संघीय मन्त्रालयको हस्तक्षेप भएको छ ।

पत्राचार ठेगाना : सानेपा मोड, ललितपुर, नेपाल, फोन: ५५५४०८१, ५५२९२०२, फ्याक्स: ००९७७-१-५५४८४६९
Mailing Address:– Sanepa Mode, Lalitpur, Nepal, Phone: 5554081, 5529202, Fax: 00977-1-5548469, E-mail: addcn@addcn.org.np



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित समक्ष ज्ञापन-पत्र बुझाउने क्रममा जि.स.स. झापाका प्रमुख श्री सोमनाथ पोर्तेल र जि.स. स. महासंघ नेपालका महासचिव श्री कृष्ण चन्द्र न्यौपाने ।



# स्थानीय तह संघ/महासंघ संजालको

मिति २०७५ असोज २३ गते, नेपालको स्थानीय विकासमा समन्वयात्मक ढंगले काम गर्नका लागि तत्कालिन स्थानीय निकायहरुले जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँ विकास समिति राष्ट्रिय महासंघहरुको स्थापना गरी स्थानीय जनता देखि राष्ट्रिय विकासमा सुशासन सवलीकरणमा प्रभावकारी भूमिका राखेका थिए भन्ने कुरा नौलो विषय होइन । वर्तमान संघीय संरचनामा यी तीनै निकायहरु नयाँ भूमिकामा संघीय सरकारका स्थानीय तह बनेर स्थापित भएका छन् । संघीयता कार्यान्वयनको सन्दर्भमा राज्यको पुनर्संरचना संगै संघ, प्रदेश र स्थानीय तहका छुट्टा छुट्टै निर्वाचनहरु सम्पन्न भई जनप्रतिनिधी मूलक नेतृत्व स्थापित भईसकेको अवस्थामा विगत झैं राष्ट्रिय संरक्षण ऐन अन्तरगत गठित संघ महासंघहरुले पनि आफूलाई नयाँ नेतृत्व र नयाँ आवश्यकता अनुसार परिचालित हुने प्रक्रियालाई गति दिएका छन् । निर्वाचित तिनै तहका जनप्रतिनिधीहरुले संघ/महासंघको विरासतलाई समेत नेतृत्व दिने गरी नयाँ संरचनामा संगठित भइसकेको अवस्था छ । यसै सन्दर्भमा तीन वटै संघ महासंघको प्रतिनिधित्व रहने गरी स्थानीय तह संघ/महासंघ सञ्जाल LGA Network बनाएर साझा सवालका लागि आवश्यक सामाजिक, राजनीतिक तथा आर्थिक वहसहरु पैरवी तथा संस्थागत अनुभवहरु आदान प्रदान गर्दै समन्वयात्मक ढंगले संघ, प्रदेश र स्थानीय सरकारलाई सहयोग र समन्वय गर्ने निधो भएको छ ।

# समृद्धितर्फको यात्रामा जिल्ला समन्वय समितिको भूमिका



सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले २०७५ असोज ३ गतेको गोरखापत्रमा संविधानका गतिशील तीन वर्ष पुरा भएको उपलक्ष्यमा दिनुभएको अन्तर्वार्तामा ७७ वटै जिल्ला समन्वय समितिहरुको विशेष स्थान रहेको र प्रदेश छुट्टै राष्ट्र नभई प्रदेश हो भन्ने कुरा हामीले बुझ्नुपर्छ । प्रदेश नयाँ संरचना भए पनि नेपाल राष्ट्रका प्रशासनिक इकाइहरु/राजनीतिक इकाईहरु नै हुन । अहिले दुइवटा सदन भएको संघीय संसद र त्यसपछि सातवटा प्रदेशसभा र ७५३ वटा स्थानीय तह (जसलाई हामीले स्थानीय सरकार भनेका छौं) र ७७ वटै जिल्लाका जिल्ला समन्वय समिति क्रियाशील छन् । स्थानीय तह छुट्टै स्वतन्त्र सरकार होइनन् । सरकार नभनिएका समन्वय समितिहरु पनि जनप्रतिनिधि संस्थाहरुनै हुन । यी सबैका आ-आफ्ना काम, कर्तव्य छन् भनि भन्नुभएको थियो ।

यसै सन्दर्भमा **"आशा जगाउँदै स्थानीय सरकार"** शिर्षकमा जिल्ला समन्व्य समिति महासंघ नेपालका अध्यक्ष सीता कुमारी सुन्दासले जिल्लाभित्र भएका विकास निर्माण र स्थानीय सरकारको अनुगमन,



समन्व्य र सन्तुलित विकास गरी जिल्लाभित्रका सबै स्थानीय तहलाई एउटै मालामा उन्ने गहन कार्यको जिम्मेवारी प्रदान गर्नु संविधानको प्रमुख उपलब्धि हो । जिल्लास्तरीय महत्वका संयुक्त योजना तर्जुमा, अन्तर गाउँ तथा नगरपालिकावीच साधन, स्रोत तथा प्रविधिको साझेदारी, जिल्ला तहका सूचना तथा तथ्याङ्क संकलन एवं विश्लेषण, जिल्ला भित्रका स्थानीय तहको तथ्याङ्क विश्लेशण, विषयक्षेत्रगत प्राथमिकता पुरा गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारवीच समन्वय गरी सन्तुलित विकासमा योगदान कार्य जिल्ला समन्वय समितिको हो । जिल्ला समन्व्य समिति उक्त कार्य गर्न तयार र सक्षम छ यद्यपि तत्काल जिल्ला समन्वय समिति सञ्चालन ऐन आवश्यक छ । **"समृद्ध नेपाल सुखी नेपाली"** को नारालाई सार्थक बनउन संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको जिम्मेवारी महत्वपू(र्ण हुने भएकोले आफूहरु सरकारको उक्त नारालाई सार्थक बनाउन र संविधानलाई कार्यान्वयन गर्न कुनै कसर बाँकी नराखी कार्य गर्ने बताउनुभयो ।

## संस्थागत सहकार्यका प्रयास

जि.स.स. महासंघ नेपालले सदस्य जि.स.स.हरुको क्षमता विकास तथा महासंघको प्रभावकारी भूमिकाका लागि विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थासंग विगत देखि सहकार्य गर्दै आएको प्रसंगमा Local Government Professionls भन्ने अष्ट्रेलियन संस्थाबाट विगतवर्षमा स्वयंसेवक सेवा प्राप्त गरेको र त्यस्तो सेवा आगामी दिनमा सहयोगलाई प्रवर्द्धन गर्ने प्रयोजनका लागि नेपाल भ्रमणमा रहनु भएकी Ms. IRENE FUNG अन्तराष्ट्रिय कार्यक्रम संयोजकको अनुरोधमा महासंघ सचिवालयले होटल एम्बेसडर लैनचौर, काठमाडौंमा मिति २०७५ आश्विन ७ गते आइतबार विहान भेटवार्ता गऱ्यो । सो भेटमा IRENE ले महासंघको हालको अवस्था, कार्यक्रमहरुबारे जान्ने जिज्ञासा राखेको र विगतको सहकार्य लाई अझ राम्रोगर्न के गर्न सकिन्छ भन्ने विषयमा छलफल हुँदा महासचिवले Local Government Professionls अष्ट्रेलियाको संघियता सम्बन्धि अनुभव प्रविधि र आर्थिक सहयोग हालको लागि महत्वपूणार्श हुने भएकाले सहकार्य गर्न सकिने बताउनु भयो ।

छलफल पछि महासंघले आफ्नो रणनीतिक आवश्यकता सम्बन्धी अवधारणा र आवश्यक पर्ने स्रोतको मस्यौदा बनाई Local Government Professionls मा पठाउने तथा उताबाट त्यस्तो प्रस्तावलाई विश्लेषण गरी कार्यान्वयनमा जाने सम्बन्धी कुराहुनुका साथै विगतको समझदारिलाई पुनरावलोकन गरी अद्यावधिक गर्ने सहमति भएको छ । उक्त छलफलमा महासंघका सचिवालयका प्राविधिक अधिकृत दिनेश श्रेष्ठ पनि सहभागि हुनुहुन्थ्यो ।

## महासंघ सञ्जालीकरण गतिविधि

महासंघले अन्तराष्ट्रिय विपद् जोखिम न्यूनिकरण दिवसको अवसरमा आयोजित Collective Efforts of Civil Society Organization for Disastic Risk Reduction & Management, National Workshop, 8th Oct. 2018. मा प्रतिनिधित्व गरी जि.स.स. हरुले विगतको जिल्ला विपद् व्यवस्थापन समितिको भूमिकालाई अहिले पनि नमूना बनेर योगदान दिइरहेको र जिल्लास्तरमा कामगर्ने यस्ता सामाजिक संस्था तथा नागरिक समाजहरुलाई समन्वय गरेर स्थानीय सरकारहरु संगको सन्निकटतामा विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरणमा योगदान दिनका लागि क्षमता समेत रहेकोले मिलेर कामगर्ने वातावरण बनाउन सकिने कुरा महासचिवले प्रस्ताव गर्दा आयोजक Global Network for Disastic Risk, Practical Action, NSET सबैले स्वागत गरेको र आगामी दिन जि.स.स. संग मिलेर कामगर्ने प्रयोजनको लागि महासंघको समन्वयकारी भूमिकाका लागि सबैले जोड दिएको अवस्था छ ।

जिल्ला समन्वय समिति महासंघ नेपालले Renual Energy for Rural Livehood को तेस्रो त्रैमासिक बैठकमा महासचिव श्री कृष्ण चन्द्र न्यौपानेले भाग लिंदै महासंघको तर्फबाट जिल्लामा साना तथा लघु विद्युत उत्पादक कम्पनीहरुको छाता संस्था बनाउने र त्यसको लागि जिल्ला समन्वय समिति हरुले र बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) संग विगतमा झैं सहकार्य गर्ने आवश्यक वातावरण बनाउने प्रस्ताव गरेको छ ।

यसबाट धेरै पहाडि तथा हिमाली जिल्लामा बसोबास गर्ने जनताहरुका लागि विद्युत तथा अन्य बैकल्पीक उर्जामा पहुँच बढाउन जि.स.स.को समन्वयकारी भूमिका साथै स्थानीय सरकारहरु र प्रदेशसंगको सहकार्यलाई व्यवस्थपन गर्न सहज हुने कुरा बोर्डका सदस्यहरु UNDP लगायतले सहमति भएको अवस्था छ ।

# "जि.स.स. दोलखाको दोस्रो जिल्ला सभा"




भदौ ७ गते, दोलखा जिल्ला समन्वय समितिको दोस्रो जिल्ला सभा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सभाको प्रतिनिधि सभाका माननीय पार्वत गुरुङ्गले उद्घाटन गर्नुभएको थियो । उद्घाटन मन्तव्य व्यक्त गर्दै समृद्ध दोलखा र सुखि दोलखाली भन्ने नारालााई सफल पार्न सबैलाई विकास निर्माण र समृद्धिको बाटोमा लाग्न आव्हान गर्नुभयो । सभाका बिशिष्टि अतिथिको रुपमा सहभागि प्रदेश नं. ३ सरकारका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री अरुण नेपाल र भौतिक पूर्वाधार विकास मन्त्री केशव स्थापितले दोलखा प्राकृतिक श्रोत र साधनले भरिपूर्ण भएको भन्दै पूर्वाधार विकास र पर्यटन विकासमा जोड दिनु पर्ने धारणा राखेका थिए ।

उक्त सभामा प्रतिनिधि सभाका माननीय शान्तिमाया पाख्रिन, प्रदेश सभाका माननीयहरु पशुपति चौलागाई, विशाल खड्का, सरस्वति बस्नेत र हिमाली गोले, यसैगरी पूर्वमन्त्री आनन्दप्रसाद पोखरेल, पूर्व राज्यमन्त्री देवी खड्का, पूर्व जिविस उप-सभापति शिवप्रसाद भण्डारी, काँग्रेस जिल्ला सभापति रुद्रवहादुर खड्का, तामाकोसी गाउँपालिकाका अध्यक्ष ईस्वरचन्द्र पोखरेल र प्रमुख जिल्ला अधिकारी सागरमणि पाठकले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।कार्यक्रममा जि.स.स. प्रमुख डबल पाण्डेले विकास निर्माणको विषय पहिचान, व्यवस्थापन तथा कार्यान्वयनमा समन्वय समितिले ९ वटै स्थानीय सरकारसँग समन्वयकारी भूमिका खेल्ने छ भने स्थानीय सरकार वीच कुनै विवाद वा समस्या आए समाधानका लागि भूमिका समेत खेल्ने छ । यस्तै जिल्ला भित्र हुने प्राकृतिक प्रकोप तथा बिपद् व्यवस्थापन सम्वन्धि योजना र कामहरु समेत जिल्ला समन्वय समितिले गर्ने छ भनेर प्रस्तुत हुनुभयो ।

जि.स.स.लाई गत आर्थिक बर्ष संघीय सरकारबाट १ अर्व ९१ लाख ९६ हजार बजेट प्राप्त भएकोमा तलव भत्तामा १ करोड ४१ लाख, कार्यालय संचालनतर्फ ३० लाख ९६ हजार र बाँकी रकम तोकिएको क्षेत्रमा खर्च भएको छ । स्थानीय विकास कोषमा ६१ लाख ७३ हजार ४ सय ४८, जग्गा रजिस्ट्रेशन शुल्क, ढुङ्गा गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको कर वापत उठेको ३ करोड ५१ लाख ३४ हजार ८ सय ९८ रुपैयाँ र अन्य शिर्षक समेत गरी कूल ५ करोड ५३ लाख ६८ हजार ४ सय २१ रुपैयाँ बजेट मौज्दात रहेको जानकारी दिनुभयो । सो रकम संघीय सरकारले अर्को व्यवस्था नभए सम्मका लागि रोक्का राखेको र फुकुवा गर्न संघीय सरकारलाई अनुरोध गरिएको प्रमुख पाण्डेले बताउनुभयो ।

जिल्ला समन्वय समितिको दोश्रो जिल्ला सभाले दोलखा जिल्लाको समृद्धिका लागि भन्दै स्थानीय ९ वटै सरकारकोतर्फवाट २४ बुदे साझा प्रतिवद्धता पनि जाहेर गरेका छन् । सभामा साझा प्रतिवद्धता सार्वजनिक गर्दै भीमेस्वर नगरपालिकाका प्रमुख भरत केसीले कृषि, तरकारी तथा नगदे वाली र अन्य उत्पादनमा आत्मनिर्भर र व्यवसायीक रुपमा संलग्न हुन युवाहरुलाई आव्हान गर्ने र व्यवसायीक कृषि गर्नेलाई अनुदान सहितको लगानी सुनिश्चित गर्ने बताउनुभयो ।

दोलखाका स्थानीय सरकारले जिल्ला भित्र व्यवसायीक खेति तथा उद्योगमा लगानी भित्र्याउन र अनुकूल वातावरण बनाउनका लागि जिल्लामा लगानी गरे पछि स्थानीय तहवाट लाग्ने सेवा शुल्क, कर र दस्तुर ५ बर्ष सम्मका लागि सतप्रतिशत छुट गर्ने प्रतिवद्धता समेत जनाएका छन् ।

## जि.स.स. महासंघ नेपालको नयाँ विधान नेपाल सरकारबाट पारित

**२०७५ आश्विन ६ गते, मन्त्रिपरिषद् बैठकको निर्णय :** जिल्ला विकास समिति महासंघ नेपालको दोस्रो संशोधित विधान स्वीकृत गरेको छ । विगतमा जिल्ला विकास समिति महासंघ नेपालका रुपमा सञ्चालित संस्था अब भने जिल्ला समन्वय समिति महासंघ नेपालका रुपमा क्रियाशील रहनेछ ।

- *सेतोपाटी २०७५।६।६*

# “जि.स.स. स्याङ्जाको दोस्रो जिल्ला सभा”



गत असार २८ गते जिल्ला समन्वय समिति प्रमुख श्री सीता कुमारी सुन्दासज्यूको अगुवाईमा स्याङ्जा जि.स.स.को दोस्रो जिल्ला सभा सफलताका साथ सम्पन्न भयो । उक्त दोस्रो जिल्ला सभा कार्यक्रमको उदघाटन प्रमुख अतिथी गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङ्गले गर्नुभएको थियो । सभामा पूर्व माननीय उप-प्रधानमन्त्री गोपालमान श्रेष्ठज्यू, माननीय स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री श्री पद्मा अर्यालज्यू, प्रतिनिधि सभाका माननीय सदस्यहरु, राष्ट्रिय सभाका माननीय सदस्य, पूर्व राज्यमन्त्रीहरु, पूर्व सांसदहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी, जिल्ला सभाका सदस्यहरु, साविक जि.वि.स.का पूर्व पदाधिकारीहरु, सुरक्षा निकायका प्रमुखहरु, विभिन्न कार्यालय प्रमुखहरु, नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष लगायत संचारकमीहरु तथा विशिष्ट अतिथि संघीय सरकारका माननीय सांसद नारायण मरासिनी, अतिथि गण्डकी प्रदेशका सांसद श्री मोहन रेग्मी, श्री मीन प्रसाद गुरुङ्ग, श्री दिपक थापा, पार्टी प्रतिनिधि नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का श्री पुण्य भुसाल, नेपाली कांग्रेसका श्री कुमार राना, नगरपालिका र गाउँपालिकाको जनप्रतिनिधिहरुको उपस्थितिमा कार्यक्रम भव्य रूपमा सम्पन्न भयो । जिल्ला समन्व्य समिति प्रमुख श्री सीता कुमारी सुन्दासले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । प्रमुखज्यूको अध्यक्षतामा कार्यक्रमको स्वागत मन्तव्य उप-प्रमुख श्री दिलीप बगालेले गर्नु भएको थियो ।

कार्यक्रममा पूर्व जिल्ला विकास समिति सभापति र उपसभापतिलाई सम्मान गरिएको थियो ।

जिविसको विगतको भूमिका र नागरिकको जिविस प्रतिको सकारात्मक सोचलाई अझ नतिजामुखी बनाउन वर्तमान जिल्ला समन्वय समिति जस्को भूमिका विगत भन्दा पृथक छ र पनि कार्यकारी भूमिकामा रहने नगरपालिका तथा गाउँपालिकाहरुसंगको सहकार्यलाई आवश्यकता अनुसार समन्वय, सहजिकरण गरेर अझ प्रभवाकारी बनाउन प्रयासरत रहने छ ।

नयाँ भूमिकामा गठित जिल्ला सभाको दोश्रो बैठक २०७५ असार २८ मा सम्पन्न गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका लागि योगदान दिने किसिमले नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

## “हाम्रो स्याङ्जा समृद्ध स्याङ्जा“







***सम्पादन :*** *कृष्णचन्द्र न्यौपाने,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*

**जिल्ला समन्वय समिति महासंघ नेपाल** Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,
**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np